FIFA WORLD CUP RUSSIA 2018




# फ्रान्स क्वार्टरफाइनलमा

## मेसीको सपना चकनाचुर

मस्को, (एजेन्सी)

फ्रान्सले अर्जेन्टिनालाई ४-३ गोलअन्तरले हराएर रुसमा जारी विश्वकपअन्तर्गत क्वार्टरफाइनलको यात्रा तय गरेको छ।

शनिबार भएको नकआउट चरणको रोमाञ्चक खेलमा फ्रान्सले जित हासिल गरेपछि अर्जेन्टिना प्रतियोगिताबाट बाहिरियो। फ्रान्सको जितमा युवा खेलाडी काएलीन मबाप्पेको भूमिका महत्त्वपूर्ण रहयो। दुई गोल र एक पेनाल्टी गोल हुनमा कारक बनेका मबाप्पेले यस प्रतियोगितामा ३ गोल गरिसकेका छन्। योसँगै अर्जेन्टिनी कप्तान लियोनेल मेसीको विश्वकप ट्रफी उचाल्ने सपना यसपटक पनि चकनाचुर भएको छ।

फ्रान्सले एन्टोइनी ग्रीजम्यानको पेनाल्टी गोलबाट १३औं मिनेटमा अग्रता बनाएको थियो। काएलीन मबाप्पेलाई डी बक्समा लडाएको बापत पाएको पेनाल्टी किकलाई ग्रीजम्यानले सहजै गोल गरे। यो उनको प्रतियोगितामा दोस्रो गोल हो। यसको जवाफ एन्जेल डी मारियाले ४१औं मिनेटमा मीठो गोलबाट दिए र पहिलो हाफ १-१ बराबरीमा समाप्त भयो।

दोस्रो हाफ शुरु भएलगत्तै लियोनेल मेसीको प्रहार मर्साडोको खुट्टामा लागेर गोल भएको थियो। अर्जेन्टिनाले २-१ को अग्रता लिएर जितको खुसी मनाए र दर्शकदीर्घामा रहेका अर्जेन्टिनी समर्थकको पनि खुसीको सीमा रहेन। यसपछि बेन्जामिन पभार्डले ५७औं मिनेटमा डी एरिया नजिकबाट हाफ भलीमा गोल गरेर फ्रान्सलाई २-२ मा पुर्‍याए।

१९ वर्षीय मबाप्पेले ४ मिनेटमा दुई गोल गरेपछि फ्रान्सका लागि अन्तिम ८ स्थाननजिक भयो भने अर्जेन्टिनाका लागि खेलमा फर्कन संघर्षरत गर्नुपर्‍यो। मबाप्पेले ६४औं मिनेटमा क्लोज रेन्जमा गोल गरे भने ६८औं मिनेटमा ओलिभिइर गिरोडको क्रसमा गोल गरेका थिए। दुबैपटक अर्जेन्टिनी गोलकिपरका लागि बचाउ गर्न स्पेस पाएन। अन्तिममा मेसीको क्रसमा सर्जियो अग्वेरोले गोल गरे पनि फ्रान्सलाई जितबाट वञ्चित गर्न सकेन।



## प्लेयर्स टु वाच

### लुका मोड्रिच

(क्रोएसिया)

क्रोएसियाली मिडफिल्डको प्रमुख खेलाडी हुन लुका मोड्रिच। जारी विश्वकपमा उनको सन्हानीय प्रदर्शनका कारण क्रोएसियाले उत्कृष्ट नतिजा आत्मसात गरिरहेको छ। जारी विश्वकपमा उनले आफ्नो नाममा २ गोलसमेत गरिसकेका छन्। यो संख्या अझै बढ्न सक्नेछ।

उनी सेन्ट्रल मिडफिल्डर हुन् तर डिफेन्सिभ र अट्याकिंग मिडफिल्डरको भूमिका निभाउनसमेत उनी पोख्त छन्। समूह चरणको ३ वटै खेलमा क्रोएसियाले जितको नतिजा निकाल्दा मिडफिल्डमा उनको भूमिका तारिफयोग्य बनेको थियो। सन् २०१२ देखि रियल मेड्रिडमा आबद्ध ३२ वर्षीय मोड्रिचले रियलबाट १ सय ६६ खेलमा ९ गोलसमेत गरेका छन्। सन् २००६ देखि क्रोएसियाको राष्ट्रिय टोलीमा अटाउँदै आएका मोड्रिचले १ सय ९ खेलमा १४ गोल गरेका छन्।






## बेल्जियनहरुले पैसा फिर्ता पाउने

लन्डन, (एजेन्सी)

बेल्जियमले फिफा विश्वकपमा अहिलेसम्म ९ गोल गरिसकेको छ। यदि टोलीले प्रतियोगितामा १६ गोल गरेमा बेल्जियनले टिभी किनेको पैसा पुरै फिर्ता पाउनेछन्। उनीहरुले विश्वकपका लागि किनेको टिभीको पैसा पाउने हुन्। बेल्जियमको एक इलेक्ट्रिकल चैनले एक विशेष विश्वकप अभियान चलाए कि यदि टोलीले १५ भन्दा बढी गोल गरेमा टिभी किन्नेले उनको पुरै पैसा फिर्ता दिनेछन्। उनले बताए- 'मेरो साथीहरुले टिभी किनेका छन्।



मैले उनीहरुको बारे सोचिरहेको छु र धेरैभन्दा धेरै गोल होस् भन्न चाहन्छु ता कि उनलाई फ्रि टिभी मिलोस्।'



लिजेन्ड डिएगो म्याराडोना आफ्नो टोली अर्जेन्टिनाले हार्नुअगाडि आफ्नी पार्टनरसँग माया साट्दै।

## टिट्स बिट्स

## कोरियाली टिमलाई अण्डाले स्वागत




सोल, (एजेन्सी)

दक्षिण कोरियाले विश्व च्याम्पियन जर्मनीलाई हराएर विश्वकपबाट बाहिरिन बाध्य तुल्याउँदा संसारमै टोलीका समर्थक खुसी भए। यो नतिजाले कतिपय फुटबल पण्डित भने आश्चर्यमा परेका छन्। यसका लागि कोरियाली टोलीको घरमा भव्य स्वागत हुने देखिएको थियो। तर यस्तो भएन उनीहरु घर फर्कंदा समर्थकले उनीहरुलाई अण्डाले हिर्काएर स्वागत गरेका थिए।

शीन टाइ योंग र उनको टिम शुक्रबार इन्चोन विमानस्थलमा फोटोका लागि पोज दिँदा त न्यानो स्वागत भएको थियो तर टिम प्रेसका लागि फोटो दिन लाग्दा केही समर्थकले तकिया र अण्डाले खेलाडीतिर हिर्काएका थिए। भाग्यवश कोही खेलाडीलाई पनि केही भएन।

सन र उनका मेनेजर टाइ योंगले भीडलाई भने कि समूह चरणबाट बाहिरिएर छिटै घर फर्कनु निरासजनक भएको छ। सनले भने- 'जुलाइसम्म म घर आउन चाहेको थिएन। जुनमा घर फर्कनु निरासजनक भएको छ। समर्थकले हामीलाई समर्थन र माया दिएकामा धन्यवाद दिन चाहन्छु। समर्थकबिना हामीले चमत्कार गर्न सक्दैनौं। उनीहरुकै मायाले यो गरेका थियौं।'

## जितको खुसीमा ज्यान गयो

साओ पाओलो, (एजेन्सी)

टामरा माइओचीको ब्राजिलको जितको खुसी मनाउने क्रममा दुर्घटनावश ज्यान गएको छ। सर्बियाविरुद्ध २-० को जित हात खुसी मनाएकी ३० वर्षीया ब्राजिलियन खसेर सीसाले घाँटी काटिएपछि मृत्यु भयो। उनको हातमा वाइन पिइरहेको गिलास थियो।

रिपोर्टले जनाएअनुसार साओ पाओलोस्थित इटाटिबामा टामरा आफ्नो घरमा साथीहरुसँग खेल हेरेकी थिइन्। उनी सोफामा बसेर खेल हेर्दा एक हातमा मोबाइल समाइरहेकी थिइन् भने अर्को हातले क्रिस्टल गिलासमा वाइन पिइरहेकी थिइन्। ब्राजिल जित्दा अरुसँगै उनी पनि उठेर खुसी मनाइन् तर उनी सन्तुलित नभई सोफाबाट खसिन्। उनको हातबाट वाइन गिलास पनि भुइँमा खस्यो र उनको घाँटीमा सीसाको टुक्राले काटिएको थियो।

साथीहरुले रगत बगिरहेको घाउलाई रुमालले रोक्न कोसिस गरे। तर आपतकालीन सेवा आउँदासम्म उनको निधन भइसकेको थियो। उनले केही साता अगाडि मात्रै पनि गाडी चलाउँदा मोबाइल फोन प्रयोग गर्न जोखिम भएको भन्दै सोसल नेटवर्कमा पोस्ट गरेकी थिइन्। उनले लेखेकी थिइन- 'हामी कहिल्यै यस्तो हुन्छ भनेर कल्पना गर्दैनौं तर दुर्घटना हुन्छ। धार्मिक विश्वासअनुसार केही हुनका लागि हरेक चीज हुन्छ भनेर म विश्वास गर्छु।'

